# Progress MIS User Guide

## प्रगति MIS User Guide

**बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र श्रीमहल ललितपुरबाट स्थानीय तहहरुमा सर्शत वित्तिय हस्तान्तरण भएको बाली विकास कार्यक्रमको Online प्रगति ईन्ट्री, कम्पाइलेसन तथा रिपोर्टिङ्गका लागि तयार गरिएको Progress MIS को User Guide**

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र
श्रीमहल, ललितपुर ।

कार्यक्रमबारे संक्षिप्त परिचय : प्रमुख खाद्यान्न बालीहरु धान, मकै, गहुँ र रैथाने बालीको उत्पादन एवं उत्पादकत्व वृद्धि र मूल्य श्रृँखला विकासमा सहयोग मार्फत देशमा खाद्य तथा पोषण सुरक्षाको अवस्थामा सुधार गर्न, प्रमुख खाद्यान्नहरुमा आत्मनिर्भरता बढाउन एवं बढ्दो आयात न्युनीकरण गर्नमा सहयोग


पुर्याउन आ.व.०७८|७९ मा संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण मार्फत देशभरि २४५ वटा स्थानीय तहहरुमा राष्ट्रिय खाद्य सुरक्षा मिसन अन्तर्गत धान/ मकै/ गँहु/ रैथाने बाली प्रवर्द्धन कार्यक्रम कार्यान्वयन ल्याइएको थियो । सो कार्यक्रमको प्रमुख उद्देश्य उपरोक्त बालीहरुको स्थानीय उत्पादन तथा उत्पादकत्व वृद्धि गरी बढ्दो आयातलाई कम गर्ने रहेकोमा कार्यक्रम कार्यान्वयनका लागि बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रबाट कार्यविधि तयार गरी स्थानीय तहको कृषि शाखामा कार्यरत प्राविधिकहरुलाई अभिमुखीकरण कार्य पनि सम्पन्न गरी कार्यक्रम कार्यान्वयन पनि भइसकेको छ । सो कार्यक्रमहरुबाट प्राप्त उपलब्धि र प्रगतिलाई online मार्फत ईन्ट्री कम्पाइल र रिपोर्टिङ्ग गर्नका लागि बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रबाट Progress MIS system निर्माण गरी केन्द्रको website: www. doacrop.gov.np मा उक्त MIS system राखी online progress reporting को कार्य अघाडि बढेको छ ।सो सन्दर्भमा स्थानीय तहका प्राविधिकहरुलाई सहज होस् भनी यो user guide तयार गरी अभिमुखीकरण कार्य समेत गरिएको छ ।

# Progress MIS (प्रगति **MIS** प्रयोग गर्ने विधि र तरिका )


**Step 1:** कम्प्युटरमा कुनै एउटा ब्राउजर जस्तै Google Chrome or Mozilla Firefox or Safari आदि खोल्नुहोस् ।

**Step 2:** माथि खोलेको ह्वेब ब्राउजर (Web Browser) मा बाली विकास तथा कृषि जैविक विविधता केन्द्रको website www.doacrop.gov.np भन्ने ह्वेब एड्रस (Web Address) टाइप गरी सो वेभसाइट खोल्ने।

(यदि माथीको स्टेपमा झुक्किनु भयो भने तल देखाको चित्रमा जस्तो गुगलमा गएर ***doacrop.gov.np*** टाइप गरेर समेत अघि बढ्न सकिन्छ।*)*





Open Google Search engine and type **www.doacrop.gov.np** to open official website



Click to open the website

**Step 3:** गुगलमा ***doacrop.gov.np*** टाइप गरेर इन्टर गरेपछि तपाई बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुरको आधिकारिक हवेब साइट पेज (website page) मा पुग्नु हुन्छ।

**Step 4:** उक्त वेभसाइट खुलेपछि वेभ पेजको माथिल्लो दाँया पट्टी रहेको प्रगति विवरण **MIS** भन्ने मेनु वा ट्याब (Menu/Tab) मा क्लिक गर्ने जसमा तलको चित्रमा जस्तो सब मेनु (Sub Menu) हरु देखिन्छन्।




**Click here**


**Step 5:** अब चित्रमा देखाए जस्तो **Local Level MIS** भन्ने रातो रङ्गको बारमा क्लिक गर्ने।

**Step 6:** यदि तपाईहरुलाई आफ्नो युजर नेम र पासवर्ड **(Username and Password)** थाहा नभएको खण्डमा माथिको प्रगति विवरण MIS भित्र रहेको युजर आइडी **(user-id)** बटममा क्लिक गर्ने र तल चित्रमा देखाए जस्तो आफ्नो जिल्ला हेरी स्थानीय तहको नाम अनुसार युजर नेम (username) र पासवर्ड टिपोट गर्ने ।



**Step 7:** अब फेरि केन्द्रको वेभसाइटमा रहेको प्रगति विवरण MIS मा गई Local Level MIS बटन मा click गर्ने र तपाईहरुले तल चित्रमा देखाए जस्तो MIS Software को लगइन पेज **(Login Page)** देख्नु हुनेछ।


**Step 8:** कृपया आफ्नो आधिकारिक युजर नेम र पासवर्ड **(Username and Password),** (जुन यस अघि केन्द्रबाट प्राप्त वा माथि **Step 6** को प्रक्रिया पूरा गरेर प्राप्त गरेको) लाई तल जस्तै यँहाहरुको कम्प्युटरमा देखापर्ने **log in box मार्फत लगइन गर्नुहोला।**





**Type your office User Name and Password here and Click Login Bottom**


**Step 9:** Log in (लगइन) गरिसकेपछि तपाईको कम्प्युटरमा तल देखाइए जस्तै स्क्रिन देखा पर्नेछ ।आफ्नो कार्यको सुरक्षाको लागि सर्वप्रथम उक्त स्क्रिनमा रहेको change password बटनमा गई password परिवर्तन गर्नुहोला । सुरक्षित आफ्नो पासवर्ड बलियो पार्नको लागि caps lock, special character, mix of number प्रयोग गरेर पासवर्ड तयार गर्नु होला। आफ्नो युजर नेम र पासवर्ड डायरीमा टिपेर राख्नु होला। यो युजर नेम र पासवर्ड आफ्नो कार्यालयको आधिकारिक

कर्मचारीहरुसँग मात्र बाड्नु होला। यदि यो सिस्टममा केही परिवर्तन आएमा यो युजर नेम र पासवर्ड थाहा हुने व्यक्ति जिम्मेवार हुनेछन्। पछिल्लो पेजमा जानको लागि तल चित्रमा देखाए जस्तो कृपया Back बटममा क्लिक गर्नु होला।




**Step 10**: Back गरे पश्चात वा पुन log in गरे पश्चात तपाईको स्क्रिनमा देखिने तलको जस्तै स्क्रिनमा गई प्रगति ईन्ट्री गर्न सक्नुहुन्छ ।प्रगति ईन्ट्रि गर्नका लागि सर्वप्रथम माथि स्क्रिनमा देखिए जस्तै तपाईको कम्प्युटरमा बाली विकास कार्यक्रमहरु भन्ने बटनमा क्लिक गर्नुहोस् र एकपटक उक्त पेजलाई refresh or reload गर्नुहोस् ।




**Step 11:** स्क्रिनको बायाँतिर रहेको बाली विकास कार्यक्रमहरुमा क्लिक गरिसकेपछि तपाईहरुले विभिन्न विकल्पहरु (options) देख्नु हुनेछ । तपाईहरुले आफ्नो बिनियोजित कार्यक्रम र बजेट ड्यास बोर्ड मा देख्नसक्नुहुने छ। यदि यसो नदेखिएको र कुनै प्राविधिक समस्या आएको खण्डमा पेज रिलोड वा रिफ्रेस refresh or reload गर्नुहोस् ।

**Step 12:** यदि ड्यास बोर्ड नदेखिएको र कुनै प्राविधिक समस्या आएको खण्डमा तपाईले यस कार्यालय बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रमा सम्पर्क गर्न सक्नु हुने छ।

फोन : +९७७-१-५५५०२२६

फ्याक्स : +९७७-१-५५२११५१

इमेल: cdabc2018@gmail.com




**Step 13:** अब तपाईको स्थानीय तहमा पठाइएको सम्बन्धित बालीको कार्यक्रम र सोसंग सम्बन्धित बजेटको विवरण स्क्रिनमा देखिनेछ । उक्त स्क्रिनमा देखिने निलो बटन Action बटममा क्लिक गर्नु होला। सोमा click गरेपश्चात फर्म १ (Form 1) अन्तर्गत सम्बन्धित बालीको कार्यक्रमसंग सम्बन्धित १ देखि १७ प्रश्नहरु रहेका निलो बटनहरु देखिने छन्। त्यसैगरि फर्म २ (Form 2) मा स्थानीय तहको आधारभुत तथ्याकंहरु सम्बन्धमा १ लेखि ९ सम्मका प्रश्नहरु रहेका छन् भने र फर्म ३ (Form 3) अन्तर्गत कृषि जैविक विविधता सम्बन्धमा विभिन्न प्रश्नहरु रहेका छन्।

**Step 14:** माथि स्क्रिनमा देखिए जस्तै अन्य बटनहरु सम्बन्धमा--तपाईले स्थानीय तहको प्रगति ईन्ट्री गरिसकेपश्चात समग्र एउटा पाना रिपोर्टको लागि Report in one भन्ने बटनमा क्लिक गर्नुहोला। यस्तै त्रैमासिक रिपोर्टको लागि १ देखि ४ वटा त्रैमास रिपोर्ट अप्सन (Report option) मा क्लिक गर्नु होला।


**Step 15**: यस पश्चात क्रमश प्रगति विवरण ईन्ट्री गर्नका लागि तल स्क्रिनमा देखाइए जस्तै सर्वप्रथम निलो बटनमा रहेको Action बटनमा क्लिक गर्नुहोला । सो बटनमा क्लिक गरेपश्चात सम्बन्धित बालीको कार्यक्रमसंग सम्बन्धित १ देखि १७ प्रश्नहरु रहेका निलो बटनहरु देखिने छन् । क्रमश प्रश्न १ को बटन (भारित र वित्तिय प्रगति) बटनमा क्लिक गरी सो भित्र आवश्यक विवरणहरु तपसिल अनुसारको विवरणहरु भर्न सकिनेछन् । विवरण भर्नका लागि प्रश्नमा गइसकेपछि देखिन पेजको दाँया पट्टी रहेको प्लस चिन्ह ( + ) मा क्लिक गर्नुपर्नेछ र सो पश्चात विवरण भर्न मिल्ने तालिकमा आवश्यक विवरण भर्न सकिनेछ ।


उदाहरणका लागि १ नं. मा रहेको भारित तथा वित्तिय प्रगतिको अवस्था भन्ने बटनमा क्लिक गर्ने । सो पश्चात भारित तथा प्रगति विवरण ईन्ट्री गर्न मिल्ने पेज खुल्नेछ । सो पेजको दाँया माथि पट्टी रहेको प्लस चिन्ह ( + ) मा क्लिक गरेपश्चात भारित र वित्तिय प्रगति ईन्ट्री गर्न मिल्ने तालिका देखिनेछ । सो तालिकामा आवश्यक विवरण भर्न सक्नुहुनेछ ।


सो पहिलो विवरण भरेपश्चत अर्को प्रश्नको विवरण भर्नका लागि उक्त पेजको दाँया माथि पट्टी रहेको back arrow मा क्लिक गरी भर्न सकिनेछ ।


<u>प्रगति ईन्ट्रीका लागि उल्लेखित प्रश्नहरुमा उल्लेख गर्नुपर्ने विवरणहरु</u>


| प्रश्न नं. १ | प्रश्न शिर्षक | भर्नुपर्ने विवरण |
|---|---|---|
| १ | भारित तथा वित्तिय प्रगतिको अवस्था | भारित र वित्तिय प्रगति प्रतिशत । भारित प्रगति भनेको आफूले सम्पन्न गरेको कुल कार्यको भारहरुको एकमुष्ठ प्रगति प्रतिशत । वित्तिय प्रगति भनेको कुल खर्च रकमलाई विनियोजित कुल रकमले भाग गर्दा आउने प्रगति प्रतिशत हो । |
| २ | क्रियाकलापको लक्ष्य अनुसारको प्रगति | यँहा सम्बन्धित कार्यक्रम विस्तृतिकरण गर्दा विभाजन गरिएका सबै क्रियाकलापहरुको लक्ष्य अनुसारको प्रगति विवरण |
| ३ | कार्यक्रम संचालन भएका ब्लक सम्बन्धी विवरण | सम्बन्धित बालीको कार्यक्रम संचालन भएका कुल ब्लक संख्याहरु । |
| ४ | कार्यक्रमबाट वितरित बीउ सम्बन्धी विवरण | कार्यक्रम कार्यान्वयनका बेला ५० प्रतिशत अनुदान, जातीय प्रदर्शन, मिनिकिट लगायत विभिन्न तरिकाबाट वितरित बीउ परिमाण र अनुमानित ओगट्ने क्षेत्रफल उल्लेख गर्ने । |
| ५ | पचास प्रतिशतमा अनुदानमा वितरित मेशिनरी तथा उपकरण सम्बन्धी विवरण | कार्यक्रम अन्तर्गत मेशिन तथा उपकरण सम्बन्धी विवरण । |
| ६ | निर्मित साना सिंचाई स्किम सम्बन्धी विवरण | कार्यक्रम संचालन गर्दा साना सिंचाई सहयोग स्किम संख्या, क्षेत्रफल र लाभान्वित घरधुरी सम्बन्धी विवरण |
| ७ | भकारो सुधार सम्बन्धि विवरण | कार्यक्रम संचालनका क्रममा सहयोग भएका भकारो सुधार संख्या उल्लेख गर्ने । |
| ८ | माटो जाँच शिविर संचालन सम्बन्धी विवरण | कार्यक्रम संचालनका क्रममा माटो जाँच शिविर संचालन भएको भए सो र जाँच गरिएको माटोको नमूना संख्या। |
| ९ | माटो सुधारका लागि वितरित कृषि सामग्री सम्बन्धी विवरण | माटो जाँच पश्चात माटो सुधारका लागि वितरित कृषि सामग्री सम्बन्धी विवरण । |
| १० | संचालित कृषक तालिम | कार्यक्रम संचालनका क्रममा संचालित तालिमहरुबाट तालिम प्राप्त कृषकहरु सम्बन्धी विवरण । |
| ११ | क्षेत्रफल विस्तारमा प्रयोग भएका जातहरु | सम्बन्धित बालीको क्षेत्रफल विस्तारका लागि प्रयोग भएका विभिन्न जातहरु सम्बन्धी विवरण । |
| १२ | बीउ उत्पादन सम्बन्धी विवरण | बीउ उत्पादन क्रियाकलाप संचालन गरिएको भए सो क्रममा उत्पादन हुने बीउ सम्बन्धी विवरण । |
| १३ | नगद प्रोत्साहन अनुदान अन्तर्गत कृषि उद्योगलाई उपलब्ध गराइएको सुविधा | कृषि उद्योगसंग सम्झौता गरी कार्यक्रमसंग सम्बन्धित कृषकको तोकिएको उपज खरिद गरिदिए वापत स्वीकृत कार्यविधि अनुसार दिइने नगद प्रोत्साहन अनुदान सम्बन्धी विवरण उल्लेख गर्ने । |
| १४ | क्षेत्रफल विस्तार/नगद प्रोत्साहन अन्तर्गत कृषकहरुलाई उपलब्ध गराइएको सुविधा | सम्बन्धित बालीको क्षेत्रफल विस्तार गरेपश्चात कार्यविधिमा उल्लेख भए अनुसारको नगद प्रोत्साहन सम्बन्धी विवरण उल्लेख गर्ने । |
| १५ | स्थानीय तहमा कृषि उद्योगहरुले खरिद गरेको कृषि उपज सम्बन्धी विवरण | सम्बन्धित बालीको स्थानीय उत्पादन र कृषि उद्योगबाट स्थानीय उपज खरिद सम्बन्धी विवरण उल्लेख गर्ने । |
| १६ | संचालित कार्यक्रमबाट लाभान्वित घरधुरी | संचालित कार्यक्रमबाट समग्रतामा लाभान्वित कृषकहरु सम्बन्धी विवरण उल्लेख गर्ने । |
| १७ | संचालित कार्यक्रमबाट सिर्जित रोजगारी सम्बन्धी विवरण | संचालित कार्यक्रमबाट समग्रतामा अनुमानित रोजगारी सिर्जना भएको सम्बन्धी विवरण उल्लेख गर्ने । |
| १८ | फोटो/ फाइलहरु | कार्यक्रम संचालन सम्बन्धी फोटो र अन्य फाइलहरु |



बराह नगरपालिका
धान वाली प्रवर्द्धन कार्यक्रम
१. भारित तथा वित्तिय प्रगतिको अवस्था
२. कृयाकलापहरुको लक्ष्य अनुसारको प्रगति
३. कार्यक्रम सञ्चालन भएका व्लक सम्वन्धि विवरण
४. कार्यक्रमबाट वितरित बीउ सम्वन्धि विवरण
५. पचास प्रतिशत अनुदानमा वितरित मेशिनरी तथा उपकरण सम्वन्धि विवरण
६. निर्मित साना सिँचाई स्किम सम्वन्धि विवरण
७. संचालित भकारो सुधार सम्वन्धि विवरण
८. माटो जाँच शिविर सञ्चालन सम्वन्धि विवरण
९. माटो सुधारको लागि वितरित कृषि सामग्री सम्वन्धि विवरण
१०. संचालित कृषक तालिम
११. क्षेत्रफल विस्तारमा प्रयोग भएका जातहरु
१२. बीउ उत्पादन सम्वन्धि विवरण (बीउ उत्पादन भए पछि उपलब्ध गराउन सकिने)
१३. नगद प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत कृषि उद्योगलाई उपलब्ध गराइएको सुविधा
१४. क्षेत्रफल विस्तार/नगद प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत कृषकलाई उपलब्ध गराइएको सुविधा
१५. स्थानीय तहमा सम्बन्धित बालीको उद्योगहरुबाट भएको कृषि उपज खरिद सम्वन्धि विवरण
१६. संचालित समग्र कार्यक्रमबाट लाभान्वित कुल घरधुरी र जनसंख्या विवरण
१७. सञ्चालित कार्यक्रमबाट सिर्जित रोजगारी सम्वन्धि विवरण


Search
Click to see save Data
Click to go back in previous page
DASHBOARD
CHANGE PASSWORD
बाली विकास कार्यक्रमहरु
LOGOUT
१. भारित तथा वित्तिय प्रगतिको अवस्था
ALL IN REPORT
क्र. स.
महिना
खर्च रकम रु.
Edit
Delete
Click Here {Entry value} (Answer those questions)


Back
१. भारित तथा वित्तिय प्रगतिको अवस्था
कार्यक्रमको नाम *
धान वाली प्रवर्द्धन कार्यक्रम
महिना *
विनियोजित बजेट रु. *
3000000


३. कार्यक्रम सञ्चालन भएका व्लक सम्वन्धि विवरण
कार्यक्रमको नाम *
धान वाली प्रवर्द्धन कार्यक्रम
महिना *
सम्बन्धित बालीको कार्यक्रम संचालन भएको जम्मा ब्लक संख्या *
व्लकले ढाकेको क्षेत्रफल *
व्लकले ढाकेको क्षेत्रफल इकाई
व्लकमा आवद्ध कृषक परिवारको संख्या *
SAVE


४. कार्यक्रमबाट वितरित बीउ सम्वन्धि विवरण
कार्यक्रमको नाम *
धान वाली प्रवर्द्धन कार्यक्रम
महिना *
बाली *
कृयाकलापको प्रकार *
बितरित बीउको परिमाण (के. जि.) *
बीउ दर (के.जि./हे वा रोपनी) *
क्षेत्रफल इकाई
बीउले ढाकिने अनुमानित क्षेत्रफल *
SAVE


५. पचास प्रतिशत अनुदानमा वितरित मेशिनरी तथा उपकरण सम्वन्धि विवरण
कार्यक्रमको नाम *
धान वाली प्रवर्द्धन कार्यक्रम
महिना *
मेशिनरीको प्रकार
वितरित संख्या *
कैफियत

६. निर्मित साना सिँचाई स्किम सम्बन्धि विवरण

कार्यक्रमको नाम *
धान वाली प्रवर्द्धन कार्यक्रम

महिना *

साना सिंचाई स्किमको प्रकार

साना सिँचाई स्किमको नाम *

सिँचित क्षेत्रफल *

सिँचित क्षेत्रफल इकाई *

लक्षित बाली *

सिंचाई स्किमबाट लाभान्वित घरधुरी *

SAVE

७. संचालित भकारो सुधार सम्बन्धि विवरण

कार्यक्रमको नाम *
धान वाली प्रवर्द्धन कार्यक्रम

महिना *

सुधार गरिएको भकारोको ...

SAVE

८. माटो जाँच शिविर सञ्चालन सम्बन्धि विवरण

कार्यक्रमको नाम *
धान वाली प्रवर्द्धन कार्यक्रम

महिना *


कार्यक्रमको नाम *


संचालित माटो जाँच शिविर संख्या *

संकलित नमूनाको संख्या *


SAVE


९. माटो सुधारको लागि वितरित कृषि सामग्री सम्बन्धि विवरण



१०. संचालित कृषक तालिम
कार्यक्रमको नाम *
धान वाली प्रवर्द्धन कार्यक्रम
महिना *
तालिमको विषय *
पटक/संख्या *
महिला *
पुरुष *
SAVE



११. क्षेत्रफल विस्तार र उत्पादन सम्वन्धि विवरण
कार्यक्रमको नाम *
धान वाली प्रवर्द्धन कार्यक्रम
महिना *
बाली/प्रकार *
यस वर्षको कार्यक्रमले ओगटेको अनुमानित क्षेत्रफल *
क्षेत्रफल इकाई *
ओगटेको क्षेत्रफलबाट प्राप्त कूल अनुमानित उत्पादन (क्विन्टल) *
क्षेत्रफल विस्तारमा उपयोग भएका जातहरुको विवरण *
SAVE


१२. बीउ उत्पादन सम्वन्धि विवरण
कार्यक्रमको नाम *
धान वाली प्रवर्द्धन कार्यक्रम
महिना *
बीउ उत्पादनमा प्रयोग भएको बीउको स्तर/प्रकार *
बीउ उत्पादनमा प्रयोग भएका बालीका जातहरुको नाम *
बीउ उत्पादन भइरहेको क्षेत्रफल *
बीउ उत्पादन भइरहेको क्षेत्रफल इकाई *
बीउ उत्पादन हुने परिमाण (के. जि.) *
विक्रिको लागि उपलव्ध हुनसक्नर् परि...



१३. नगद प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत कृषि उद्योगलाई उपलब्ध गराइएको सुविधा
कार्यक्रमको नाम *
धान वाली प्रवर्द्धन कार्यक्रम
महिना *
उद्योगको नाम *
उद्योगको ठेगाना *
उद्योगीको नाम *
उद्योगीको सम्पर्क नम्बर *
अनुदान/सहयोग रकम *
अनुदान प्रयोजनका लागि उद्योगले खरिद गरेको परिमाण (क्विन्टल...
कैफियत
SAVE


१४. क्षेत्रफल विस्तार/नगद प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत कृषकलाई उपलब्ध गराइएको सुविधा
कार्यक्रमको नाम *
धान वाली प्रवर्द्धन कार्यक्रम
महिना *
प्रदेश *
जिल्ला *
गा.पा./न.पा *
सम्बन्धित बालीको ब्लक रहेको ठेगाना (वडा ...
क्षेत्रफल विस्तार/नगद प्रोत्साहन अन्तर्गत विस्तार भएको क्षेत्रफल *
क्षेत्रफल इकाई *
नगद प्रोत्साहन उपलब्ध गराइएका जम्मा कृषक संख्या *
अनुदान/सहयोग रकम *
SAVE


१५. स्थानीय तहमा सम्बन्धित बालीको उद्योगहरुबाट भएको कृषि उपज खरिद सम्बन्धि विवरण
कार्यक्रमको नाम *
धान वाली प्रवर्द्धन कार्यक्रम
महिना *
उद्योगको नाम *
उद्योगको ठेगाना *
उद्योगीको नाम *
उद्योगीको सम्पर्क नम्बर *





१६. संचालित समग्र कार्यक्रमबाट लाभान्वित कुल घरधुरी र जनसंख्या विवरण
कार्यक्रमको नाम *
धान वाली प्रवर्द्धन कार्यक्रम
महिना *
लाभान्वित प्रकार *
लाभान्वित घरधुरी संख्या *
महिला *
पुरुष *
SAVE


१७. सञ्चालित कार्यक्रमबाट सिर्जित रोजगारी सम्वन्धि विवरण
कार्यक्रमको नाम *
धान वाली प्रवर्द्धन कार्यक्रम
महिना *
रोजगारीका प्रमुख क्षेत्र *
रोजगारीको प्रमुख क्षेत्र(अन्य खुलाउनुहोस्)
प्रत्यक्ष रोजगारी प्राप्त गर्नेको संख्या *
अप्रत्यक्ष रोजगारी प्राप्त गर्नेको संख्या *
SAVE

**<u>उक्त सबै प्रगति विवरणहरु भरि सकेपश्चात उक्त प्रगति विवरणहरुलाई हेर्नका लागि पेजको दाँया पटटी रहेको All in Report भन्ने बटनमा क्लिक गरी एकमुष्ठ एक पानामा सबै विवरण हेर्न, सेभ गर्न र प्रिन्ट गर्न सकिनेछ ।</u>**



फर्म १ अन्तर्गतका १ देखि १७ सम्मका प्रश्नहरुको विवरण भरेपश्चात फर्म २ अन्तर्गतका विवरणहरु क्रमश प्रश्न अनुसार भर्न सकिनेछन् । सोहो अनुसार फर्म ३ भित्रका विवरणहरु समेत भर्न सकिनेछ ।









घ. स्थानीय तहसंग सम्बन्धित केही आधारभूत कृषि तथ्याङ्क


| क्र. स. | विवरण | इकाई | यस आ. व. (वा गत आव सम्म ) को अवस्था | Edit | Delete |
|---|---|---|---|---|---|
| 1 | 1. पहिलो प्रश्न :- स्थानीय तहको कूल क्षेत्रफल (हेक्टर) | हेक्टर | 10000 | | |
| 2 | 2. दोस्रो प्रश्न :- स्थानीय तहको कूल खेति योग्य जमिन (हेक्टर) | हेक्टर | 5000 | | |
| 3 | 3. तेस्रो प्रश्न :- मूख्य बाली र सहायक बालीले ओगटेको हालको क्षेत्रफल (हेक्टर) | हेक्टर | - | | |
| 3.1 | मकै | हेक्टर | 1500 | | |
| 3.2 | गहुँ | हेक्टर | 500 | | |
| 4 | 4. चौथो प्रश्न :- मूख्य बाली र सहायक बालीको उत्पादनको अवस्था (मे. टन) | मे. टन | - | | |
| 4.1 | मकै | मे. टन | 10000 | | |





Form 1
Form 2
Form 3
घ. स्थानीय तहसंग सम्बन्धित केही आधारभूत कृषि तथ्याङ्क
विवरण
1. पहिलो प्रश्न :- स्थानीय तहको कूल क्षेत्रफल (हेक्टर)
2. दोस्रो प्रश्न :- स्थानीय तहको कूल खेति योग्य जमिन (हेक्टर)
3. तेस्रो प्रश्न :- मूख्य बाली र सहायक बालीले ओगटेको हालको क्षेत्रफल (हेक्टर)
4. चौथो प्रश्न :- मूख्य बाली र सहायक बालीको उत्पादनको अवस्था (मे. टन)
5. पाँचौं प्रश्न :- स्थानीय तहमा अनुमानित बाँझो जमिनको क्षेत्रफल (हेक्टर)
6. छैटौं प्रश्न :- कृषि सहकारी (पालिका अन्तर्गत अहिले सम्मको कुल संख्या)
7. सातवां प्रश्न :- बीउ विजन समूह/सहकारी
8. आठौं प्रश्न :- कृषि उद्योग (पालिका अन्तर्गत अहिले सम्मको कुल संख्या)
9. नवौं प्रश्न :-कष्टम हायरिङ्ग सेन्टर (पालिका अन्तर्गत अहिले सम्मको कुल संख्या)



Form 1
Form 2
Form 3
घ. स्थानीय तहसंग सम्बन्धित केही आधारभूत कृषि तथ्याङ्क
विवरण
3. तेस्रो प्रश्न :- मूख्य बाली र सहायक बालीले ओगटेको हालको क्षेत्रफल (हेक्टर)
बाली
यस आ. व. (वा गत आव सम्म ...
कैफियत
SAVE




जातको उत्पत्ति कहाँ र कसरी भएको हो? अनुमानित कति पुस्ता अघि देखि प्रचलनमा रहेको हो?


सामान्यतयाः यसको उत्पादनलाई कसरी प्रयोग गरिन्छ?
परिकारको नाम वा उपभोग गर्ने तरिका
जातको खेति गरिएको हालको अवस्था (कुनै एकमा चिनो लगाउनु होस्)
बीउको उपलब्धता (के. जि.)
थप बुझ्न परे सम्पर्क व्यक्तिको नाम
थप बुझ्न परे सम्पर्क व्यक्तिको फोन नं
विवरण संकलन गर्ने व्यक्तिको नाम
नाम
पद
कार्यालय
सम्पर्क नं
SAVE

Contact Information

Mahanand Joshi, Sr. Agro-Economist

CCDABC (9851209266)

Only for Technical Issue

Contact Person-1:

Name: Anish Shrestha

Post: Software Engineer

Mobile: +977-9849636757

Email id: anish.shrestha.1989@gmail.com

Website: www.brainwork.com.np